# “बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी यान्त्रीकरण प्रबर्द्धन कार्यविधि, २०८३"

बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ३० र दफा ५२ ले दिएको कार्य गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाको बैठकबाट यो कार्यविधी स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी यान्त्रीकिकरण प्रबर्द्धन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "वडा कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिकाका वडा कार्यालयहरूलाई सम्झनु पर्छ।

(ङ) "विषयगत शाखा" भन्नाले बुद्धशान्ति गाउँपालिका अन्तर्गतको कृषि विकास शाखा तथा पशुपन्छी विकास शाखालाई सम्झनु पर्छ।

(च) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) "कार्यालय प्रमुख" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ज) "प्राविधिक कर्मचारी" भन्नाले गाउँपालिकाका कृषि वा पशुपन्छी सम्बन्धी प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ।

(झ) "लाभग्राही/उद्यमी" भन्नाले अनुदान तथा सेवा उपभोग गर्ने व्यक्तिगत कृषक, कृषक समूह, कृषि/पशुपन्छी फार्म वा कृषि सहकारीलाई जनाउँछ।

## परिच्छेद–२
## कार्यक्रमको क्षेत्र, अनुदानको दायरा तथा आर्थिक मापदण्ड

३. १. अनुदानको दायरा तथा सीमा:

(१) कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, उत्पादकत्व वृद्धि तथा व्यवसायीकरण ,बजारीकरण तथा प्रशोधनका लागि आवश्यक पर्ने सामग्री, यन्त्र तथा उपकरणहरूमा तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ:

- (क) साना तथा मझौला यान्त्रीकीकरण (बढीमा ५०% देखि ७५% सम्म अनुदान):

    १. पावर टिलर, मिनिटिलर तथा एट्याचमेन्टहरू: कुल लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान।

    २. धान रोप्ने मेसिन (Rice Planter), ब्रस कटर (Brush Cutter), कम्बाइन मिल, मकै छोडाउने/रोप्ने मेसिन, रिपर, स्प्रेयर मेसिन: कुल स्वीकृत लागतको बढीमा ७५ प्रतिशत सम्म अनुदान।

३. प्लाष्टिक टनेल, मल्चिङ प्लाष्टिक, सिँचाइ पाइप, ड्रिप सिँचाइ सेट, हायसिन्थ/नेट हाउस सामग्री: कुल स्वीकृत लागतको बढीमा ७५ प्रतिशत सम्म अनुदान।

४. मौरीको उत्पादन प्रशोधन तथा बजारीकरणका लागि प्रयोग हुने सामाग्रीमा बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सक्नेछ ।

(ख) पशुपन्छी शाखा अन्तर्गतका सामाग्रीहरू (बढीमा ७५% सम्म अनुदान):

१. काउमेट (Cow Mat): गोठ सुधार तथा पशु कल्याणका लागि उपलब्ध गराइने काउमेटमा बढीमा ७५ प्रतिशत सम्म अनुदान।
२. च्यापकटर (Chaff Cutter/घाँस काट्ने मेसिन): म्यानुअल वा विद्युतीय च्यापकटरमा बढीमा ७५ प्रतिशत सम्म अनुदान।

५. (ग) प्रशोधन, पोष्ट-हार्भेष्ट तथा ठुला उपकरणहरू (बढीमा ७५% सम्म अनुदान):
   १. सुपरी प्रशोधन, रबर प्रशोधन, मरिच छोडाउने/प्रशोधन, कफी/चिया प्रशोधन, भण्डारण तथा ब्रान्डिङ सम्बन्धी औजार तथा मेसिनरीमा बढीमा ७५ प्रतिशत सम्म अनुदान।
   २. ठुला यन्त्र, उपकरण तथा प्रशोधनसँग सम्बन्धित सामग्रीहरू प्रचलित कानून (सार्वजनिक खरिद ऐन/नियमावली) अनुसार खरिद गरी संरचनागत वा सामाग्री अनुदानका रूपमा उपलब्ध गराउन सकिनेछ।

६. (घ) ढुवानी तथा भाडा सेवा अनुदान:
   १. कृषि तथा पशुपन्छी उपज ढुवानीका साधनहरूमा बढीमा ७० प्रतिशत सम्म अनुदान।
   २. यन्त्र उपकरणहरू कस्टम हायरिङ सेन्टर (Custom Hiring Center) मार्फत भाडामा प्रयोग गर्ने व्यवस्था भएमा तोकिएको भाडा दरमा बढीमा ६० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(ङ) अन्य सामाग्री

१. कृषि उत्पादन, बजारीकरण ,प्रशोधनमा प्रयोग हुने माथि उल्लेखित बाहेकका सामाग्रीमा बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

क. मिलकिङ मेसिन (Milking Machine), मिल्क क्यान, डिपिङ कप, साइलेज मेकिङ मेसिन चिलिङ भ्याट दुध तथा दुग्धजन्य , माछा, मासु तथा मासुजन्य सामाग्री उत्पादन ,प्रशोधन, बजारीकरणमा प्रयोग हुने औजार तथा उपकरणमा : बढीमा ७५ प्रतिशत सम्म अनुदान।

ख. कार्यालयले आफ्नै कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने सामाग्रीमा लागत सहभागिता आवश्यक पर्ने छैन

३.२. कार्यालयले कृषकहरुलाई उपलब्ध गराउने यन्त्र उपकरणहरु अनुदानमा उपलब्ध गराउदा कार्यालयको बार्षिक स्वीकृत बजेट र अपेक्षित लाभग्राहीलाई आधार मानी अधिकतम अनुदानमा नबढ्ने गरी अनुदान प्रतिशत निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद–३
## न्यूनतम मापदण्ड तथा प्राथमिकता

४. लाभग्राहीको योग्यता तथा न्यूनतम मापदण्ड:

(१) लाभग्राहीको वर्ग: व्यक्तिगत कृषक, कृषक समूह, दर्तावाला निजी कृषि तथा पशुपन्छी फार्म एवं कृषि/पशुपन्छी सहकारी संस्थाहरू।

(२) क्षेत्रफल तथा पशुसंख्या सम्बन्धी न्यूनतम मापदण्ड:

क. राइस प्लान्टर / रिपर / पावरटिलर / मिनिटिलर: कृषक समूह/सहकारी/फार्मका लागि कम्तीमा ३० कठ्ठा र व्यक्तिगत कृषकका लागि कम्तीमा १० कठ्ठा खेती योग्य जमिन हुनुपर्ने।

ख. प्लाष्टिक टनेल, मल्चिङ प्लाष्टिक तथा ब्रस कटर: कम्तीमा २ कठ्ठा क्षेत्रफलमा व्यावसायिक तरकारी वा फलफूल खेती भएको हुनुपर्ने।

ग. काउमेट तथा च्यापकटर: कम्तीमा २ वटा गाई/भैँसी/रागा/गोरु पालेको वा व्यावसायिक पशुपालन फार्म दर्ता भई सञ्चालनमा रहेको हुनुपर्ने।

घ. प्रशोधन औजारहरू: कम्तीमा ५ कठ्ठामा सो सम्बन्धी बाली रहेको वा वार्षिक प्रशोधन क्षमता भएको हुनुपर्ने।

ङ. साना औजार तथा उपकरण कम्तीमा २ कठ्ठा कृषि जमिन हुनुपर्ने।

५. प्राथमिकता सम्बन्धी विशेष व्यवस्था:

कृषि तथा पशुपन्छी सामग्रीहरू अनुदानमा उपलब्ध गराउँदा कृषक समूह, कृषि/पशुपन्छी सहकारी र दर्ता भई व्यावसायिक रूपमा सञ्चालित कृषि तथा पशुपन्छी फार्महरूलाई प्राथमिकता दिनुपर्नेछ।

६. जग्गाको स्वामित्व तथा कागजात: (१) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा एकाघरको परिवारको नाममा भए नाता प्रमाणित पत्र र मन्जुरीनामा।

(२) भाडा/करारमा लिइएको जग्गा भए कम्तीमा ३ वर्षको सम्झौता पत्र र वडाको प्रमाणित निस्सा।

(३) ऐलानी वा गुठी जग्गामा खेती गरिएको भए सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(४) स्व घोषणा

## परिच्छेद–४
## सूचना प्रकाशन, आवेदन र खरिद प्रक्रिया

७. सार्वजनिक सूचना प्रकाशन तथा सामग्रीको नाम उल्लेख:

(१) कार्यालयले बजेट तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदान सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कम्तीमा १५ (पन्ध्र) दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) प्रकाशित सूचनामा गाउँपालिकाले अनुदानमा उपलब्ध गराउने सामग्री, यन्त्र तथा उपकरणहरूको नाम, परिमाण, अनुदानको प्रतिशत र तोकिएको मापदण्ड स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

८. खरिद प्रक्रिया तथा रकम बैङ्क दाखिला:

(१) कार्यविधि बमोजिम उपलब्ध गराइने सम्पूर्ण कृषि तथा पशुपन्छी सामग्री, यन्त्र उपकरणहरू खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीको पूर्ण पालना गरिनेछ।

(२) छनौट भएका लाभग्राहीले व्यहोर्नुपर्ने लागत सहभागिता वापतको सामग्रीको तोकिएको रकम अनिवार्य रूपमा गाउँपालिकाको दाखिला खातामा बैङ्क मार्फत दाखिला गर्नुपर्नेछ। बैङ्क दाखिला रसिद पेश गरेपश्चात् मात्र सामग्री हस्तान्तरण गरिनेछ।

## परिच्छेद–५
## मूल्याङ्कन, छनौट, अनुगमन तथा कारबाही

९. मूल्याङ्कन तथा छनौट समितिको गठन:

प्राप्त आवेदनहरूको छानबिन गरी छनौट गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति रहनेछ:

१. गाउँ कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक — संयोजक
२. आर्थिक बिकास समितिका सदस्यहरु -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत — सदस्य
४. सम्बन्धित वडाको वडा अध्यक्ष (सम्बन्धित वडाको कार्यक्रमको हकमा) — सदस्य
५. कृषि विकास शाखा प्रमुख — सदस्य
६. पशुपन्छी विकास शाखा प्रमुख — सदस्य सचिव

१०. मूल्याङ्कन तथा छनौटको आधार:

समितिले प्राप्त आवेदनहरूलाई अनुसूची–३ बमोजिमको १०० अंकभारको मापदण्डमा आधारित भई मूल्याङ्कन गरी नतिजा कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नेछ।

११. दुरुपयोगमा रोक, अनुगमन र कारबाही:

(१) अनुदानमा प्राप्त गरेको कुनै पनि यन्त्र, उपकरण, काउमेट, च्यापकटर, टनेल वा सामग्री बिक्री गर्न, हस्तान्तरण गर्न वा तोकिएको उद्देश्य विपरीत दुरुपयोग गर्न पाइने छैन।

(२) विषयगत शाखा वा गाउँपालिकाको अनुगमन टोलीले जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ।

(३) अनुगमनका क्रममा अनुदान प्राप्त सामग्री दुरुपयोग गरेको, बिक्री गरेको वा झुट्टा विवरण पेश गरी अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

## परिच्छेद–६
## विविध

१२. प्रचलित कानून लागू हुने: यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र नलेखिएका विषयहरूमा बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८, बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी कार्यक्रम सञ्चालन तथा अनुदान मापदण्ड -२०८१ तथा सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत प्रचलित कानून बमोजिम हुनेछ।

१३. अन्तिम व्याख्या: यस कार्यविधिको बुझाइ वा कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको अन्तिम व्याख्या बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गरे बमोजिम हुनेछ।

## अनुसूची – १: अनुदान/कार्यक्रम माग गर्ने आवेदन/निवेदनको ढाँचा

*(कार्यविधिको दफा ७ सँग सम्बन्धित)*

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः
बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बुधबारे, झापा।

विषय: कृषि तथा पशुपन्छी सामग्री / यन्त्र उपकरण अनुदान सम्वन्धमा ।

महोदय

म/हामी यस बुद्धशान्ति गाउँपालिकाको वडा नं. ................. मा व्यावसायिक रूपमा कृषि/पशुपालन कार्य गर्दै आएकोमा गाउँपालिकाबाट प्रकाशित सार्वजनिक सूचना अनुसार देहाय बमोजिमको सामग्री अनुदानमा प्राप्त गर्न यो निवेदन पेश गरेको छु/छौं।

१. आवेदक/संस्थाको विवरण:

- आवेदक/फार्म/समूह/सहकारीको नाम:...............................................
- प्रकार: [ ] कृषक समूह [ ] कृषि/पशुपन्छी सहकारी [ ] दर्तावाला फार्म [ ] व्यक्तिगत कृषक
- दर्ता नं. (फार्म/समूह/सहकारीको हकमा): ........................... दर्ता मिति: .......................
- स्थायी लेखा नं. (PAN) (भएमा): ..............................................................
- मुख्य/जिम्मेवार व्यक्तिको नाम: ............................... नागरिकता नं.:.......................
- किसान परिचय नं ......................................
- ठेगाना: वडा नं. ......., टोल: ..................... सम्पर्क मोबाइल नं.: .......................

२. माग गरिएको सामग्री/यन्त्र/उपकरणको विवरण

| क्र स | सामाग्रीको नाम | स्पेसिफिकेसन | इकाई | परिमाण | अनुमानित मूल्य | माग गरेको सामाग्री प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट- आफुलाइ आवश्यक परेको सामाग्री प्राथिमीकीकरण गरी माग गर्नुपर्नेछ

३. कृषि तथा पशुपन्छी पालनको भौतिक विवरण:

- खेती गरिएको कुल जगाको क्षेत्रफल: ................ कठ्ठा / बिघा
- मुख्य बालीहरू: .........................................................................................
- पालेको पशु संख्या: दुहुना गाई/भैँसी (......... वटा), अन्य (......... वटा)
- जगाको स्वामित्व: [ ] आफ्नै [ ] भाडा/करार (अवधि ..... वर्ष) [ ] गुठी/ऐलानी
- जगाको बर्गिकरण - आवास........ [ ]............. कृषि........... [ ].................
- बिगत २ बर्ष अघि देखि कुनै सरकारी निकायबाट अनुदान लिएको छ/छैन ?.छ भने . [ ].......छैन भने .. [ ]
- आफुले चाहेको समयमा नजिकैबाट भाडामा सामाग्री उपलब्ध भइरहेको छ ? छ भने . [ ]........छैन भने .. [ ]
- लक्षित बर्ग - महिला,......... दलित, .......आदिवासी जनजाति,........ अपाङ्गता वा विपन्न वर्गका कृषक........../अन्य..................

४. अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरू:

क. [ ] निवेदक/सञ्चालकको नागरिकताको प्रतिलिपि
ख. [ ] जग्गाधनी प्रमाणपुर्जा / भाडा सम्झौता पत्र / वडाको सिफारिस निस्सा
ग. [ ] दर्ता प्रमाणपत्र, नवीकरण र PAN को प्रतिलिपि (फार्म/समूह/सहकारीको हकमा)
घ. [ ] संस्थागत निर्णय र तोकिएको प्रतिनिधि/अख्तियारी पत्र
ङ. [ ] वडा कार्यालयको सिफारिस पत्र
च. स्वघोषणा

घोषणा:

माथि उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य र साँचो छन्। सामग्री स्वीकृत भएमा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिमको लागत सहभागिता रकम तोकिएको बैङ्क खातामा जम्मा गर्न, सामग्रीको उचित संरक्षण गर्न र कुनै पनि दुरुपयोग नगर्न पूर्ण रूपमा मञ्जुर गर्दछु।

निवेदकको दस्तखत: ......................................

नाम: ...........................................................

पद/दर्जा: ......................................................

मिति: .........................................................

## अनुसूची – २: अनुदान कार्यक्रम सञ्चालन तथा सामग्री हस्तान्तरण सम्झौता पत्र

*(कार्यविधिको दफा ८ र ११ सँग सम्बन्धित)*

प्रथम पक्ष: बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे, झापा।

दोस्रो पक्ष: ........................................................................................... (लाभग्राहीको नाम/संस्था)

आज मिति ....................... मा प्रथम पक्ष र दोस्रो पक्षबिच "बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी यान्त्रीकरण, सामाग्री अनुदान तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" अनुसार सामग्री/उपकरण अनुदानमा उपलब्ध गराउने र प्राप्त गर्ने सम्बन्धमा देहायका शर्तहरूमा रही सम्झौता सम्पन्न भयो।

सम्झौताका शर्त तथा बन्देजहरू:

१. सामग्री र लागत सहभागिता: स्वीकृत सामग्री (सामाग्रीको नाम )................................) को कुल लागत रु. ................... मध्ये प्रथम पक्षको अनुदान प्रतिशत ........% (रु. ...................) र दोस्रो पक्षको लागत सहभागिता प्रतिशत ........% (रु. ...................) कायम रहनेछ।
२. बैङ्क दाखिला अनिवार्य: दोस्रो पक्षले आफ्नो भागमा परेको लागत सहभागिता रकम प्रथम पक्षको तोकिएको बैङ्क खातामा अनिवार्य रूपमा दाखिला गरी सोको भौचर पेश गरेपछि मात्र सामग्री/उपकरण हस्तान्तरण गरिनेछ।
३. दुरुपयोग नगर्ने प्रतिवद्धता: दोस्रो पक्षले अनुदानमा प्राप्त सामग्री आफैले प्रयोग गर्नुपर्नेछ। यो सामग्री कुनै पनि हालतमा बिक्री गर्न, अरूलाई हस्तान्तरण गर्न वा तोकिएको काम बाहेक दुरुपयोग गर्न पाइने छैन।
४. अनुगमन र कारबाही: प्रथम पक्ष वा विषयगत शाखाले जुनसुकै समयमा स्थलगत अनुगमन गर्न सक्नेछ। दुरुपयोग भएको पाइएमा प्रचलित कानून अनुसार अनुदान रकम असुल उपर गरी कारबाही प्रक्रिया अगाडि बढाइनेछ।
५. पहिलपक्षबाट तपशिल अनुसारको सामाग्री ................प्रतिशत अनुदानमा ....................थान दोश्रोपक्षले बुझिलिइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी बुझिलियौँ।

<u>तपशिल</u>

सामाग्रीको नाम-

परिमाण-

स्पेसिफिकेसन -

| दोस्रो पक्षको तर्फबाट: | प्रथम पक्षको तर्फबाट: |
|---|---|
| दस्तखत: ...................................... | दस्तखत: ...................................... |
| नाम: ........................................... | नाम: ........................................... |
| पद: ........................................... | पद/ठेगाना: .................................... |
| छाप: | छाप: |

मितिः

## अनुसूची – ३: आवेदक मूल्याङ्कन तथा छनौट मापदण्ड (अंकभार)

*(कार्यविधिको दफा १० सँग सम्बन्धित)*

प्राप्त आवेदनहरूलाई कुल १०० अंकभार मा देहाय बमोजिम मूल्याङ्कन गरी उच्च अंक प्राप्त गर्ने आवेदकहरूलाई छनौट गरिनेछ:

| क्र.सं. | मूल्याङ्कनको आधार तथा सूचकहरू | अधिकतम अंक | अंक विभाजन र मापदण्ड | प्राप्त अङ्क |
|---|---|---|---|---|
| १ | लाभग्राहीको प्रकृति र संस्थागत संरचना (प्राथमिकता) | २० अंक | - दर्तावाला कृषक समूह, कृषि/पशुपन्छी सहकारी र दर्ता भई सञ्चालित फार्महरू: २० अंक (प्राथमिकता)<br><br>-गाउँपालिकामा दर्ता /सूचिकृत नभएको तर अन्य सरकारी कार्यालयमा दर्ता भएका संस्था तथा फर्म : १८ अङ्क<br><br>- व्यक्तिगत कृषक: १७ अंक | |
| २ | उत्पादन क्षमता (क्षेत्रफल / पशुसंख्या) | २० अंक | - तोकिएको न्यूनतम मापदण्ड/क्षेत्रफल मात्र भएको: १५ अंक<br><br>- तोकिएको भन्दा ५०% बढी क्षेत्रफल/पशुसंख्या भएको: १८ अंक<br><br>- तोकिएको भन्दा दोब्बर वा सोभन्दा बढी क्षमता भएको: २० अंक | |
| ३ | बजारीकरण र व्यावसायिकता | १० अंक | - उत्पादनको नियमित बजारीकरण र बिक्री वितरणको व्यवस्था भएको: १० अंक<br><br>- स्थानीयस्तरमा मात्र बिक्री वा निर्वाहमुखी उत्पादन: ८ अंक | |
| ४ | जग्गाको स्वामित्व र पूर्वाधार | १५ अंक | - आफ्नै नाममा रहेको जग्गा/गोठ संरचना: १५ अंक<br><br>- एकाघर परिवारको नाममा रहेको: १२ अंक<br>- कम्तीमा ३ वर्षको भाडा/लिज सम्झौता वा वडाको प्रमाणित निस्सा: १२ अंक | |
| ५ | विगतमा सरकारी अनुदान प्राप्तिको स्थिति | १० अंक | - विगत ३ वर्षभित्र कुनै पनि निकायबाट यस्तै सामग्री नपाएको: १० अंक<br><br>- अन्य निकायबाट पाएको तर गाउँपालिकाबाट नपाएको: ५ अंक<br><br>- विगत २ वर्षभित्र गाउँपालिकाबाट अनुदान पाएको: २ अंक | |
| ५ | जमिनको बर्गिकरण | १० अङ्क | -जग्गा कृषिमा बर्गिकरण भएमा -१० अङ्क<br><br>-आवासमा बर्गिकरण भएमा -५ अङ्क | |

| | | | | |
|---|---|---|---|---|
| ६ | समावेशी तथा लक्षित वर्ग सहभागिता | १० अंक | - महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता वा विपन्न वर्गका कृषक/सञ्चालक भएमा: १० अंक<br><br>अन्य कृषकको हकमा -८ अङ्क | |
| ७ | भुगोल तथा क्षेत्र | ५ अङ्क | -सोही स्थानमा यसअघि र सोही आ.ब. मा अनुदान प्राप्त गरेको भए-३<br><br>-भौगोलिक बिकटता र बिपन्न बर्गका कृषकहरु र सोही स्थानमा सोही प्रकृतिको अनुदान उपलब्ध गराएको नभएमा-५<br><br>-कार्यक्रम | |
| कुल अंक | | १०० अंक | कुल अंक | |

अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रम र सामाग्रीको प्रकृति अनुसार किसान सूचिकरण मार्फत कृषक बर्गिकरण तथा यस बाहेकका अन्य मूल्याङ्कनका सूचकहरु र अंक थप घट गर्न सक्नेछन्।

अनूसूची ४

स्वः घोषणा

श्री बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

विषय: स्वघोषणा गरिएको सम्बन्धमा।

म/हामी निम्न विवरण भएको प्रस्तावक/उद्यमी/संस्था यस कार्यालयबाट प्रदान गरिने [.............. ..............................] का लागि आवेदन पेश गर्दाका बखत देहाय बमोजिमका शर्तहरू पालना गरेको र विवरणहरू सत्य तथ्य रहेको भनी यो स्वघोषणा पत्रमा सहीछाप गरिदिएको छु/छौं।

विवरणहरू:

१. यस संस्था/फर्म/ब्यक्तिको नाम: ..............................................................
२. दर्ता नम्बर र मिति: ..................................... परिचय पत्र नं ........................
३. स्थायी लेखा नम्बर (PAN): ...................................जग्गा कित्ता नं.
४. ठेगाना: बुद्धशान्ति गाउँपालिका वडा नं ..................................टोल ...........................
५. मुख्य प्रोप्राइटर/अध्यक्षको नाम: ..............................................................

म/हामी शपथपूर्वक स्वघोषणा गर्दछौं कि:

१. यस प्रस्तावमा उल्लेख गरिएका सम्पूर्ण विवरण तथा कागजातहरू सत्य र तथ्यपरक छन्। कुनै कुरा लुकाइएको वा झुटो विवरण पेश गरिएको छैन।
२. मेरो/हाम्रो फर्म/संस्था प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भई नियमित रूपमा नवीकरण भएको र कर चुक्ता गरेको छ।
३. यसै उद्यम/कार्यक्रमका लागि नेपाल सरकार वा अन्य कुनै दातृ निकायबाट बिगत २ बर्षदेखि कुनै पनि प्रकारको दोहोरो अनुदान (Double Funding) लिएको छैन।
४. म/हामी वा हाम्रो संस्था कुनै पनि सरकारी वा कानुनी निकायबाट कालोसूचीमा परेको छैन।
५. अनुदान स्वीकृत भई प्राप्त हुने रकम जुन उद्देश्यका लागि लिइएको हो, सोही कार्यमा मात्र पूर्ण रूपमा सदुपयोग गर्नेछु/गर्नेछौं।
६. यदि यो स्वघोषणा पत्रमा लेखिएका विवरणहरू झुटो ठहरिएमा वा अनुदानको रकम हिनामिना गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही भोग्न र अनुदान बापतको रकम सरकारी बाँकी सरह फिर्ता बुझाउन मन्जुर गर्दछु/गर्दछौं।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत

नाम -
पद -
सम्पर्क नं –

आज्ञाले
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत